# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने आ.व. २०७८/७९ को तेस्रो त्रैमासिक सम्मको विवरण

रैनादेवी छहरा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

छहरा, पाल्पा

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५- ६९२३४३
V9G8+73

च.न.
प.स. २०७८/२०७९


सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वत:प्रकाशन गर्नुपर्ने आ.व. ०७८/०७९ को तेस्रो त्रैमासिकसम्मको विवरण

क) निकायको स्वरुप र प्रकृतिः

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, सङ्घर्ष, वीर सहिदहरूको बलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान सभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रैनादेवी छहरा गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय सरकार हो।यसले कार्यपालिकीय, विधायिकीय र न्यायिक कार्य गर्दछ।जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँ सभा मार्फत विधायिकीय र न्यायिक समिति मार्फत न्यायिक कार्य सम्पादन गर्दछ।

ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधीनमा रही रैनादेवी छहरा गाउँपालिका, पाल्पाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची ८ र ९ अन्तर्गतका अधिकारहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरू (गाउँ प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, मेलमिलाप तथा मध्यस्थताको व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत) गर्ने।
- समग्रमा संविधान र ऐन, नियमको अधीनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक कार्यहरू सम्पादन गर्ने।

ग) रैनादेवी छहरा गाउँपालिका, पाल्पामा रहने कर्मचारी सङ्ख्याः

साङ्गठनिक संरचनाको विवरण

प्रमुख प्रशासकीय अधिकृत

# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५- ६९२३४३
V9G8+73


च.न.
प.स. २०७८/२०७९

| क्र.स. | पद | श्रेणी/तह | सेवा | समूह | दरबन्दी | पद पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | १ | १ | - |
| २ | अधिकृत | ७/८औं | प्रशासन | लेखा | १ | १ | - |
| ३ | इन्जिनियर | ६/७/८औं | इन्जि. | सिभिल | १ | १ | - |
| ४ | अधिकृत | ७/८औं | शिक्षा | शि.प्र. | १ | १ | - |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | २ | २ | - |
| ६ | आ.ले.प. | ५औं | प्रशासन | लेखा | १ | १ | - |
| ७ | सहायक | ५औं | प्रशासन | सा.प्र. | ४ | १ | ३ |
| ८ | कम्प्युटर अपरेटर | ५औं | विविध | | १ | १ | - |
| ९ | लेखा सहायक | ५औं | प्रशासन | लेखा | १ | - | १ |
| १० | प्रा.स. | ५औं | शिक्षा | शि.प्र. | १ | १ | - |
| ११ | हे.अ. | ५/६औं | स्वास्थ्य | हे.ई. | १ | १ | - |
| १२ | सब इन्जिनियर | ५औं | इन्जि. | सिभिल | १ | १ | - |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | १ | १ | - |
| १४ | स.म.वि.नि. | चौथो | विविध | | १ | - | १ |
| १५ | खा.पा.स.टे. | चौथो/५औं | इन्जि. | सिभिल | १ | १ | - |
| १६ | अधिकृत | ७/८औं | कृषि | | १ | - | १ |
| १७ | सहायक | ५औं | कृषि | | २ | १ | १ |
| १८ | सहायक | चौथो | कृषि | | १ | - | १ |
| १९ | अधिकृत | ७/८औं | कृषि | ला.पो.डे.डे. | १ | - | १ |
| २० | सहायक | ५औं | कृषि | भेट | २ | - | २ |
| २१ | सहायक | ५औं | कृषि | ला.पो.डे.डे. | १ | - | १ |
| २२ | सहायक | चौथो | कृषि | भेट | २ | १ | १ |
| २३ | सहायक | चौथो | कृषि | ला.पो.डे.डे. | २ | - | २ |
| कार्यालय तर्फ जम्मा | | | | | ३१ | १६ | १४ |
| | | | वडा कार्यालय तर्फ (८ वटा) | | | | |
| १ | सहायक | ५औं | प्रशासन | सा.प्र. | ३ | १ | २ |
| २ | सब इन्जिनियर | ५औं | इन्जि. | सिभिल | ३ | ३ | - |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | ४ | ३ | १ |
| ४ | अ सब | चौथो | इन्जि. | सिभिल | ५ | ३ | २ |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | इन्जिनियर | | | | | | |
| ५ | मुखिया | तृतीय | प्रशासन | | १ | - | १ |
| जम्मा | | | | | ४७ | २६ | २१ |

घ) रैनादेवी छहरा गाउँपालिकाबाट प्रदान हुने सेवाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवादको न्यायिक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने।

ङ) **रैनादेवी छहरा गाउँपालिकाका शाखाहरू तथा वडाहरू र जिम्मेवार अधिकारी**

- आर्थिक प्रशासन शाखाः अधिकृत सातौं लिलामणि बश्याल
- प्रशासन तथा योजना शाखाः अधिकृत छैठौं अंमृता पौडेल र अधिकृत छैठौं राम प्रसाद पाण्डे
- स्वास्थ्य शाखाः जनस्वास्थ्य निरीक्षक जिबन राना
- प्राविधिक शाखाः इन्जिनियर किशोर खनाल
- शिक्षा शाखाः अधिकृत छैठौं निशा पाण्डे
- पञ्जीकरण तथा जिन्सि शाखाः सहायक पाँचौ रविन्द्र रायमाझी
- कृषि शाखाः सहायक पाँचौ सुनिता पोखरेल
- पशु शाखाः सहायक चौथो पारसमणि पाण्डे
- सामाजिक सुरक्षाः एम.आइ.एस. अपरेटर लेख बहादुर थामी
- प्रधानमन्त्री रोजगार कार्यक्रमः रोजगार संयोजक कालि बहादुर राना
- राजश्व तथा आ.ले.प. शाखाः आ.ले.प. पाँचौ हरि प्रसाद पराजुली
- वडा नं १ सचिवः प्रकाश के.सि.
- वडा नं २ सचिवः मुक्तिराम पोखरेल
- वडा नं ३ सचिवः प्रदीप भुसाल
- वडा नं ४ सचिवः विशाल पौडेल



प्रमुख प्रशासकीय अधिकृत

- वडा नं ५ सचिवः लक्ष्मण राना
- वडा नं ६ सचिवः हुम बहादुर कुँवर
- वडा नं ७ सचिवः हुम बहादुर कुँवर
- वडा नं ८ सचिवः श्यामकला राना

च) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** सेवाको प्रकृति अनुसार

छ) **निर्णय गर्ने प्रकृति र अधिकारः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली २०६५, सङ्घीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पाबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरू।

ज) **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समितिको संयोजक, सम्बन्धित वडाका वडाध्यक्ष, गाउँपालिका अध्यक्ष।

झ) **कार्यालय प्रमुख र सूचना अधिकारीः**

- कार्यालय प्रमुखः प्रमुख प्रशासकीय अधिकृत राजीव पन्थी
- सूचना अधिकारीः सूचना प्रविधि अधिकृत नारायण मल्ल

ञ) **ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५
- रैनादेवी छहरा गाउँपालिकाबाट निर्माण भएका ऐन, नियमहरू
- सङ्घीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरू।

ट) आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः



प्रमुख प्रशासकीय अधिकृत

# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५-६९१०२५
०७५- ६९२३४३
V9G8+73


च.न.
प.स. २०७८/२०७९

राजस्व सम्बन्धी प्रतिवेदन(यस आ.व. को तेस्रो त्रैमासिक सम्म)

| आम्दानी | | | | |
|---|---|---|---|---|
| क्र.स. | राजस्व शिर्षक नं. | शिर्षक नाम | रकम | कैफियत |
| १ | ११३१३ | सम्पत्ति कर | १३१२०५ | २०७९ चैत्र मसान्त सम्मको |
| २ | ११३१४ | भूमिकर मालपोत | २४३०७८ | |
| ३ | ११३२१ | घर बहाल कर | ११९१३९ | |
| ४ | ११३२२ | बहाल बिरौटी कर | २९४६८ | |
| ५ | १४२४३ | सिफारिस | १२६८२६० | |
| ६ | १४२४४ | व्यक्तिगत घटना दर्ता | ४९३४५० | |
| ७ | १४२४५ | नाता प्रमाणित | ५६२०० | |
| ८ | १४२४९ | अन्य | ७३९११८ | |
| ९ | १४२५३ | व्यवसाय रजिष्ट्रेसन | २७७५० | |
| १० | १४२६५ | अन्य क्षेत्रको आय | १६४४९६१ | |
| ११ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ४७७०० | |
| १२ | १४६११ | व्यवसाय कर | १५८७८० | |
| जम्मा | | | ४९५९१०९ | |

| खर्च | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | खर्च | प्रतिशत | कैफियत |
| १ | चालु खर्च | २१५५८०८३२.४१ | ५१.४५ | अघिल्लो आ.व. भन्दा ५.८६% बढी |
| २ | पुँजिगत खर्च | ९०१५७३७६.२६ | ४३.८ | अघिल्लो आ.व. भन्दा १५.३४% बढी |
| जम्मा | | ३०५७३८२०८.६७ | ४८.९३ | अघिल्लो आ.व. भन्दा ९.७३% बढी |

| क्षेत्रगत खर्च विवरण | | | |
|---|---|---|---|
| क्र.स. | क्षेत्र | खर्च | प्रतिशत |
| १ | आर्थिक विकास | १४१९६९५२.७० | ३१.२६ |
| २ | सामाजिक विकास | १७३४२२४६६.६० | ४८.६९ |
| ३ | भौतिक पूर्वाधार | ७०९६४५७९.२६ | ५०.६२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २७४८३५० | ३३.१९ |
| ५ | प्रशासनिक क्षेत्र | ४४४०५८४२.११ | ५९.०२ |
| जम्मा | | ३०५७३८२०८.६७ | ४८.९३ |



प्रमुख प्रशासकीय अधि

ठ) अघिल्लो आ.व. मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरणः वार्षिक बजेट बमोजिमका कार्यक्रम अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरू, खेलकुद र आयोजना तर्फ सडक, खानेपानी, सिंचाई आदि सञ्चालन भएको।

ड) निकायको वेवसाइटः www.rainadevichhaharamun.gov.np

ढ) निकायको इ-मेलः info@rainadevichhaharamun.gov.np, rainadevichhaharamun@gmail.com

ण) रैनादेवी छहरा गाउँपालिकाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः छैन

त) रैनादेवी छहरा गाउँपालिकाको सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरणः वार्षिक बजेट बमोजिम प्रतिशत योजना तथा कार्यक्रमहरूको कार्यान्वयन भएको, पुँजिगत खर्च अघिल्लो आर्थिक वर्षको भन्दा १५.३४ प्रतिशतले वृद्धि भई ४३.८ प्रतिशत भएको छ भने चालु खर्च अघिल्लो आर्थिक वर्षको भन्दा ५.८६ प्रतिशतले वृद्धि भई ५१.४५ प्रतिशत भएको।

थ) रैनादेवी छहरा गाउँपालिकाले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्ने तोकिएको समयावधिः छैन।

द) रैनादेवी छहरा गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः छैन।

ध) रैनादेवी छहरा गाउँपालिकाका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सो को विवरणः

- नागरिक वडा पत्र
- कार्यालयको सूचना पाटी
- एफ.एम. रेडियो, पत्र-पत्रिका
- कार्यालयको वेवसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

प्रमुख प्रशासकीय अधिकृत